

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ १३ गते बुधबार ❑ 30 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## 'डायलायसिस' केन्द्र सञ्चालनमा जनशक्ति अभाव

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौं

गण्डकी प्रदेश सरकारमातहतको पोखराको सङ्क्रामकतथासरुवारोगअस्पतालमा रहेको 'डायलायसिस' सेवा केन्द्र सञ्चालनका लागि जनशक्ति अभाव भएको छ।

सो अस्पतालमा हालै डायलायसिस सेवाका लागि २५ शय्‍या क्षमताको डायलायसिस केन्द्र स्थापना गरिए पनि आवश्यक जनशक्ति अभावले पूर्ण क्षमतामा सञ्चालन आउन सकेको छैन। अस्पतालमा रहेका डायलायसिस मेसिन दिनमा तीन सिफ्टमा सञ्चालन गर्न सकेको खण्डमा अधिकतम् दैनिक ३३ जनाले सेवा प्राप्त गर्न सक्ने अवस्था छ । तर सोका लागि आवश्यक जनशक्ति अभाव हुँदा पूर्ण सञ्चालनमा आउन नसकेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा विकास गौचनले बताउनुभयो । उहाँका अनुसार मुख्य गरी सेवा नर्स कर्मचारी अभाव भएको छ । गण्डकी प्रदेश सरकारले जिल्लास्थित अस्पतालमा मेसिन, उपकरण र जनशक्ति थप गरी सेवाको पर्खाइमा रहेकाको सङ्ख्या शून्य बनाइने जनाएको छ । उहाँले भन्नुभयो, "गण्डकी प्रदेश सरकारले डायलायसिस सेवाको पर्खाइमा रहेकाको सङ्ख्या शून्यमा झार्ने योजना अघि सारेको छ । तर हामीसँग सेवा केन्द्र सञ्चालनमा अझै जनशक्ति अपुग छ । अस्पतालमा भएका मेसिन पूर्ण क्षमतामा सञ्चालनका लागि चिकित्सक र नर्सिङ स्टाफको कमी छ।" अस्पतालले डायलायसिस सेवा सञ्चालनका लागि थप जनशक्ति माग गरेको छ।

यसमा नर्सिङतर्फ २० जनाको माग गरिए पनि सो जनशक्तिबाट वार्ड, आकस्मिक कक्षसमेत सञ्चालन गर्नुपर्ने बाध्यता रहेको मेसु डा गौचनले बताउनुभयो । उहाँका अनुसार आगामी असोज १ गतेदेखि नयाँ कर्मचारी भर्ना गरिए पनि अझै १० जना नर्स आवश्यक हुन्छ। नयाँ कर्मचारीका लागि सेवा सञ्चालनअघि तालिम प्रदान गर्नुपर्ने भएकाले एक महिना काठमाडौँमा तालिमका लागि पठाइने अस्पतालले जनाएको छ । अस्पतालले डायलायसिससहित अन्य सेवा सञ्चालनका लागि ३५ नयाँ कर्मचारी माग गरेको हो। यसमा चिकित्सक, नर्स, प्रयोगशाला, फार्मेसीलगायतका छन् । प्रदेश सरकारले मिर्गौलाका बिरामीको उपचारका लागि डायलायसिस सेवालाई सहज बनाउने नीति लिएको छ । अस्पतालहरूमा जनशक्ति थप गरी सेवालाई प्रभावकारी बनाउने सरकारी योजना छ। हाल प्रदेशभित्रका नौ सरकारी र छ निजी गरी १५ अस्पताल तथा स्वास्थ्य संस्थामा यो सेवा सञ्चालनमा छ । मिर्गौला रोगका बिरामीको सङ्ख्या बढ्दै जाँदा डायलायसिस सेवा लिने बिरामीको सङ्ख्या बढ्दो छ तर स्वास्थ्य उपकरण सीमित छन्। प्रदेश स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयका अनुसार हाल प्रदेशका पाँच सय ७६ बिरामीले डायलासिसको सेवा लिइरहेका छन्। त्यसैगरी तीन सय तीन जना सेवाको पर्खाइमा रहेको र निजी अस्पतालमा महँगो शुल्क तिनुपर्ने बाध्यतामा रहेको जनाइएको छ। मन्त्रालयले डायलायसिस मेसिन खरिद गरेर पोखरासहित अन्य जिल्ला अस्पतालमा समेत पठाएकाले आगामी तीन महिनाभित्रमा सेवा सहज हुने बताइन्छ । प्रदेशअन्तर्गतका सबै अस्पतालमा सेवा सञ्चालन भएको र दमौली, लमजुङ, स्याङ्जा र पर्वत जिल्ला अस्पतालमा दुई-दुई थान डायलायसिस मेसिन थप गरिएको स्वास्थ्यमन्त्री सुशीला सिम्खडाले बताउनुभयो। उहाँले भन्नुभयो, "सरकार डायलायसिस सेवा लिनका लागि पालो पर्खनुपर्ने अवस्था आउन नदिन र नागरिकले सहज सेवा प्राप्तिका प्राथमिकताका साथ काम गरिरहेको छ। सङ्क्रामक अस्पतालमा आवश्यक जनशक्ति, औजार, उपकरण र पूर्वाधार तयारी गरेका छौँ।"

## आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिता ३ लाख बचत

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौं




गत पुष १४ देखि २३ गतेसम्म पोखरा रंगशालामा आयोजना भएको २२ औं संस्करणको आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिता २०७९ बाट ३ लाख बचत भएको छ।

पोखराको सहारा क्लवले गत बर्ष आयोजना गरेको उक्त प्रतियोगिताबाट ३ लाख १८ हजार ६ सय ५७ रूपैया बचत गर्न सफल भएको क्लवले मंगलबार पोखरामा आयोजना गरेको आय व्यय सार्वजनिक कार्यक्रममा जनाएको हो । ९ दिन चलेको उक्त प्रतियोगिताबाट क्लवले ९४ लाख ६४ हजार ६ सय २६ रुपैया आम्दानी गर्न सफल भएकोमा प्रतियोगिता सम्पन्न गर्न विभिन्न शिर्षकमा ९१ लाख ४६ हजार ९ सय ६९ रुपैया खर्च भएको प्रतियोगिताका आर्थिक संकलन उप-समितिका संयोजक सुनिल गुरुङले बताउनु भयो। समग्र २२ औं आहा रारा पोखरा गोल्ड कपमा दर्शकको प्रबेश टिकटबाट मात्र १७ लाख ८६ हजार ९ सय ३० रुपैया संकलन भएको क्लवले जनाएको छ । संकटा क्लव काठमाण्डौं र भुटनीज युथ स्पोर्ट्र्स क्लव बिच भएको फाइनल खेलमा मात्र १० लाख ६२ हजार ३ सय रुपैया प्रवेश शुल्कः वापत रकम संकलन भएको क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताउनु भयो। हिमश्री फुड्स प्रा.लि.को मुख्य प्रायोजनमा सम्पन्न भएको प्रतियोगितामा १० टिम सहभागि रहेको थियो भने प्रतियोगितामा संकटा क्लव काठमाण्डौंले उपाधि सहित १२ लाख नगद हात पार्न सफल भएको थियो। बचत भएको उक्त रकम क्लवले सहारा एकेडेमीमा खर्च गर्ने भएको क्लवका संस्थापक अध्यक्ष बसन्त थकालीले बताउनु भयो । हिमश्री फुड्स प्रा.लि.बाट २२ लाख २५ हजार, पोखरा महानगरपालिकाबाट १० लाख, राखेपबाट ५ लाख ५० हजार, प्रदेश खेलकुद परिषद गण्डकीबाट ५ लाख, पब्लिक फोके टि.भि.बाट ५ लाख, सहारा क्लव हङकङबाट ३ लाख गोख्रा ब्रअरीबाट ३ लाख लगायतका विभिन्न संघ संस्थाबाट आहा रारा पोखरा गोल्ड कपलाई सफल पार्न सहयोग प्राप्त भएको कोषाध्यक्ष नवराज अधिकारीले बताउनु भयो । खेलाडी दैनिक भ्रमण खर्चको शिर्षमा अधिकत्तम ३० लाख २३ हजार ३ सय रुपैया, प्रतियोगिताको पुरस्कार सहित प्रोत्साहन खर्चमा १९ लाख ६० हजार, आयोजक टिमको खर्चमा ८ लाख ६३ हजार ४ सय १, प्रचार प्रसारमा ५ लाख २९ हजार ५ सय, रेफ्रि खर्चमा ६ लाख ६ हजार ६ सय ६० रुपैया खर्च भएको सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ। हिमश्री फुड्स प्रा.लि.का निर्देशक प्रकाश केसीले कार्यक्रममा बोल्दै क्लवलाई २१ बर्ष देखि साथ दिदै आएकोमा क्लवको निस्वार्थ भावले खेलकुदमा लागेकोले उक्त सहयोगलाई निरन्तरता दिने बताउनु भयो । प्रतियोगिता संयोजक केशवराज बरालले एन्फाले क्लवलाई ६ महिना अघि नै आहा रारा पोखरा गोल्ड कपको मिति तय गरिदिएको खण्डमा आफुहरुले विदेशी टिम सहितको उत्कृष्ट फुटवल प्रतियोगिता आयोजना गर्ने दाबी गर्नु भयो। सहारा क्लब पोखराद्वारा संचालिन सुर्य बहादुर के.सी. स्मृति सहारा फुटवल एकेडेमीको सहयोगार्थ आयोजना हुने आहा रारा पोखरा गोल्ड कप माघ र फाल्गुणमा हुने हाम्रो समय तालिका भएको क्लवले जनाएको छ।

## मानव अधिकारकर्मी बरालको निधन

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौं



पोखरामा रही मानवअधिकार तथा सामाजिक न्यायका सवालमा विगत पाँच दशकदेखि निरन्तर क्रियाशील मानव अधिकारकर्मी टेकनाथ बरालको ८५ वर्षको उमेरमा मंगलबार निधन भएको छ।

बराल सशस्त्र द्वन्द्वको समयमा पोखरामा स्थापना भएको नागरिक समाजको सञ्जालका एकजना संस्थापक तथा पूर्वसंयोजकका साथै महिलाविरुद्धको हिंसा, दाइजो विरोधी अभियान, असमानता तथा कुरीतिविरुद्धका सामाजिक पहलका साथै विभिन्न किसिमका विभेदविरुद्ध क्रियाशील हुनुहुन्थ्यो।

सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार तथा मानवीय कानुनको उल्लङ्घनका घटनाको अनुगमन, लोकतन्त्रको स्थापनाका लागि भएको आन्दोलन, द्वन्द्वपीडितका अधिकारका सवालमा उहाँले भूमिका निर्वाह गर्नुभएको थियो । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का संस्थापक महासचिव प्रकाश काफ्लेको स्मृतिमा स्थापना गरिएको प्रकाश मानव अधिकार पुरस्कारबाट २०६२ सालमा उहाँलाई इन्सेकले सम्मानित गरेको थियो। इन्सेकले मंगलबार विज्ञप्ति प्रकाशन गरी बरालको निधनप्रति दुःख व्यक्त गरेको छ । इन्सेकका अध्यक्ष डा कुन्दन अर्यालले जारी गरेको प्रेस विज्ञप्तिमा मानव अधिकारको क्षेत्रमा स्व बरालले पुऱ्याउनुभएका

## बलात्कार आरोपमा तनहुँमा प्रधानाध्यापक थापा पक्राउ

रासस
तनहूँ, १२ भदौं

गत साउन ३१ गते बालिकालाई बलात्कार आरोप लागेका तनहुँका एक प्रधानाध्यापकलाई प्रहरीले पक्राउ गरेको छ।

प्रहरीले ऋषिङ गाउँपालिका-७ अर्खलाछापमा रहेको ज्यामिरेमाई प्राथमिक विद्यालयका प्रधानाध्यापक झुलबहादुर थापालाई सोमबार साँझ दमौली बजारबाट पक्राउ गरेको हो । अमर आधारभूत विद्यालयमा अध्ययनरत १२ वर्षीया छात्रालाई


बाँकी अन्तिम पृष्ठमा ▶▶



## सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं

◆सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।

◆ विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।

◆विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।

◆सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।

◆सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

*'व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन'*

नेपाल सरकार
विज्ञापन बोर्ड


## एमसीसीका उपाध्यक्ष एलफोर्ड नेपाल भ्रमणमा

रासस
काठमाडौं, १२ भदौं

संयुक्त राज्य अमेरिकीको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) का उपाध्यक्ष क्यामरुन एलफोर्ड नेपाल भ्रमणमा आइपुग्नुभएको छ।

नेपालसँगको एमसीसी सम्झौताको सुरुआतको अवसर पारेर एमसीसीका सम्झौता कार्य-सञ्चालनसम्बन्धी उपाध्यक्ष क्यामरुन एलफोर्ड आज नेपाल भ्रमणमा आउनुभएको हो। नेपालको नेतृत्वदायी भूमिका रहेको यस एमसीसी सम्झौताको प्रगतिबाट अमेरिकी सरकार उत्साहित भएको उहाँस्थित अमेरिकी दूतावासले जनाएको छ। नेपालमा एमसीसीको कार्य अवधिभर बृहत्तर सरोकारवाला, नेपालका सरकार र राजनीतिक दलहरूको निरन्तर सहयोगबाट मात्र यो सम्भव भएको दूतावासले जनाएको छ । "यस सम्झौताको सफल कार्यान्वयन सुनिश्चित गर्न एमसीए-नेपालसँग साझेदारी गर्न हामी प्रतिबद्ध छौँ । साथै, सम्झौताका लक्ष्य समयमै हासिल गर्न संलग्न सबैले लगनशीलताका साथ काम गरिरहेका छौँ", दूतावासले उल्लेख गरेको छ । बुधबारदेखि नेपालमा ऊर्जा र सडक पूर्वाधार विकाससम्बन्धी परियोजनामा पाँच सय मिलियन अमेरिकी डलर अनुदान सहयोग परियोजना एमसीसी सम्झौता कार्यान्वयन गर्ने तयारी छ। एमसीसीले गत वर्ष व्याख्यात्मक घोषणा प्राप्त गरेको उल्लेख गर्दै दूतावासले उक्त व्याख्यात्मक घोषणासँग सहमत रहेको जनाएको छ । सम्झौताअनुसार पाँच वर्षमा परियोजना सम्पन्न गर्ने गरी कार्यान्वयनमा जाने समय यही भदौ १३ गते तोकिएको छ । यसैलाई लक्षित गर्दै परियोजना 'इन्ट्री इन्टु फोर्स' जाने मितिमा सम्झौता कार्य-सञ्चालनसम्बन्धी उपाध्यक्ष यहाँ आउनुभएको हो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्जामा लम्की स्किनबाट आधा करोड क्षति

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १२ भदौं



पशुजन्य रोग लम्की स्किनबाट पशुचौपायाको मृत्यु हुँदा स्याङ्जामा आधा करोड बराबरको क्षति भएको छ । पछिल्लो समय पशुमा महामारीको रुपमा फैलिएको लम्बी स्किनबाट एक सय २१ पशुचौपायाको मृत्यु हुँदा जिल्लामा ४७ लाख २० हजार क्षति भएको हो ।

जिल्लाका ११ स्थानीय पालिकामा फैलिएको रोगबाट दुइ हजार ३१७ पशु संक्रमित हुँदा एक सय २१ पशुको मृत्यु भएको जिल्ला भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ । केन्द्रका अनुसार मृत्यु हुनेमा ११ बाच्छाबाच्छी, ३८ गाई, सात भैसी र ६५ गोरु रहेका छन् ।

११ बाच्छाबाच्छीको मृत्यु हुँदा एक लाख १० हजार क्षति भएको छ । ३८ वटा गाईको मृत्यु हुँदा १९ लाख, सात भैसीको मृत्युबाट चार लाख २० हजार र ६५ गोरुको मृत्यु हुँदा १३ लाख बराबरको क्षति भएको हो । लम्की स्किन रोगबाट जिल्लामा झण्डै पाँच हजार पशुपालक कृषकहरु प्रभाबित भएको केन्द्रले जनाएको छ । "लम्बी स्किन रोग सरुवा रोग नभएपनि घरपालुवा पशुको हेरचाह र उपचारमा ढिलाई गर्दा ठूलो रकम बरारबको क्षति भएको हो ।" विज्ञ केन्द्रका निमित्त प्रमुख गोपाल गिरिले भने, पशुचौपायाको हेरचाह र समयमै उपचार गरेको भए सबा दुई सय पशुचौपायाको मृत्यु हुने थिइन् ।" मृत्यु भएका पशुचौपाया र उपचार खर्चमा गरी जिल्लामा झण्डै एक करोड भन्दा बढिको क्षति भएको प्रमुख गिरिले जानकारी दिए ।

रोग नियन्त्रण गर्न विज्ञ केन्द्रले स्थानीय पालिकालाई पाँच हजार छ सय डोज खोप लपलब्ध गराएको छ । जिल्लाका ११ मध्ये ५ पालिकाले मात्रै चार हजार दुई ५० डोज खोप खरिद गरेका छन् । अन्य पालिकाले खोप खरिद गर्न नसक्दा संघीय सरकारले दिएको अनुदान रकम समेत फ्रिज भएको छ । संघीय सरकारको अनुदान र आन्तरिक आयको रकमबाट वालिङले दुई हजार, भीरकोटले आठ सय र चापाकोट नगरपालिकाले चार सय तथा आँधीखोलाले छ सय र अर्जुनचौपारी गाउँपालिकाले चार सय ५० डोज खरिद गरेका छन् । संघीय सरकारले प्रत्येक पालिकालाई खोप खरिदका उपलब्ध गराएको १ लाखका दरमा छ लाख फ्रिज भएको छ ।

लामखुट्टे, किर्ना र भुसुनाको टोकाईबाट स्वस्थ पशुमा सर्ने यो रोग लागेमा पशुचौपायालाई कडाखालको ज्वरो आउने, खानामा अरुची हुने र झोक्राउने लक्ष्यण देखिन्छ । लक्ष्यण देखिएको २/३ दिनमा पशुको शरिरभरी छालामा गिर्खा र गाँठाहरु देखिन्छ । पछिल्लो समय रोगको संक्रमण दर घटेको र खोप लगाएकाले रोग नियन्त्रणमा रहेको विज्ञ केन्द्रले जनाएको छ ।

# जिल्ला समन्वय समिति कास्कीद्वारा वडा सदस्यहरूको लागि तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भदौं

जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कास्कीका स्थानीय तहका जनप्रतिनिधि वडा सदस्यहरूको लागि क्षमता अभिबृद्धि तालिम सोमबार शुरु भएको छ । तालिमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो ।

पौडेलले बिकासका र जनताका काम सहज ढंगबाट सम्पन्न गर्न जनप्रतिनिधिहरूलाइ थप सक्षम बनाउन तालिम आयोजना गरिएको उल्लेख गर्दै सक्रियताका साथ सहभागी हुन आग्रह गर्नुभयो । प्रमुख पौडेलले बिकासमा गुणस्तर र सेवा प्रबाहमा जनताका प्रतिनिधिहरूलाइ कुनै अप्ठ्यारो हुन नहुने र जन प्रतिनिधिहरू समय सापेक्ष परिमार्जित र परिष्कृत हुन तालिम फलदायी हुने बिश्वास ब्यक्त



गर्नु भयो । सोमबार कास्कीका चारवटा गाउँपालिका र मंगलबार पोखरा महानगर अन्तर्गतका वडा सदस्यहरू सहभागी रहेको जिल्ला समन्वय अधिकारी नवराज बरालले जानकारी दिनुभयो । कार्यक्रममा बिकासका योजना छनोट, प्रक्रिया र विधि स्थानीय सरकार संचालनमा वडा सदस्यको भुमिका, बिद्यमान ऐन कानुन लगायतका बिषयमा प्रशिक्षण प्रदान गरिने सो कार्यालयका सूचना अधिकारी झबिश्वर रेग्मीले उल्लेख गर्नु भयो । कार्यक्रममा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डे, जिल्ला समन्वय अधिकारी नवराज बराल , शाखा अधिकृत झबिश्वर रेग्मी लगायतले सहजीकरण गर्नुभएको थियो । जि.स.स. कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा स्वागत उप-प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको सो कार्यालयका नायब सुब्बा सरस्वती गौतमले जानकारी दिनुभयो ।

# पोखरामा एतिहासिक २६ कुरिया फोटो प्रदर्शनी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भदौं

पोखरामा ऐतिहासिक २६ कुरिया फोटोकथा प्रदर्शनी हुने भएको छ ।

नेपाल बेस्ट मेनेजमेन्टको व्यवस्थापनमा यही भदौ १६ गते रानीपौवा अवस्थित भगवती दलगण प्राङ्गणमा एकदिने २६ कुरिया फोटोकथा प्रदर्शनी गर्न लागिएको कार्यक्रम संयोजक राजन श्रेष्ठले जानकारी दिनुभयो ।

१८औं शताब्दीको सुरूमा कास्कीका अन्तिम राजा सिद्धिनारायण शाहले भक्तपुर (ख्वप) का अन्तिम राजा रणजीत मल्लदेवसँग व्यापार तथा मैत्री सम्झौता गरी २६ कुरिया जग्गा उपलब्ध गराइ भक्तपुर, ललितपुर र काठमाडौँका नेवारहरू ल्याएर पोखरामा बजार सुरुआत गरेको इतिहास छ । त्यही २६ कुरिया अन्तर्गत हाल पोखराका गणेशटोल, नालामुख, भीमसेनटोल,भैरवटोल,मोहरियाटोलर तेर्सापट्टि टोल पर्दछन् । तत्कालीन समयमा ल्याइएका नेवार विशेषतः व्यापारी, शिल्पी, कालीगढ रहेको र सुरुमा करिब एक सय ५० जनालाई बसोबास गराइएको दस्तावेजमा उल्लेख छ । विक्रम संवत् १८२६ मा भक्तपुरका राजा रणजीत मल्लयुद्धमा हारेपछि ठूलो सङ्ख्यामा नेवार पोखरामा आएको र उक्त सङ्ख्या सात सय पुगेको छ । पोखरा आएका २६ कुरियामा बसोबास गर्ने नेवार आफ्ना मौलिक कला, परम्परासँगै जात्रा, पर्व मनाएर व्यापार विस्तार गर्ने गरेको र उनीहरू पोखरामा आएसँगै यहाँको सामाजिक, आर्थिक, धार्मिक एवम् सांस्कृतिक विकासले गति लिएको मानिन्छ । पोखराका यिनै ऐतिहासिक सत्य तथ्यलाई फोटो कथाका माध्यमबाट देखाउन खोजिएको कार्यक्रम संयोजक श्रेष्ठले जानकारी दिनुभयो । पोखराको तत्कालीन इतिहासको कल्पना गरेर आयुष श्रेष्ठले तयार गर्नुभएका २० वटा फोटाकथा प्रदर्शनीमा राखिने उल्लेख गर्दै उहाँले यसअघि काठमाडौँमा पनि प्रदर्शन गरिएको बताउनुभयो ।

# सोह्रौँ राष्ट्रिय पुस्तकालय दिवस मनाउन प्रदेश र स्थानीय तहलाई पत्राचार

**रासस**
काठमाडौं, १२ भदौं

सोह्रौं राष्ट्रिय पुस्तकालय दिवस, २०८० मनाउन गठित मूल आयोजक समितिले दिवसलाई रचनात्मकरूपमा मनाउन प्रदेश र स्थानीय तहसहित सम्बन्धित निकायलाई पत्राचार गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुरेश अधिकारीको अध्यक्षतामा गत साउन २२ गते गठित समितिले 'पुस्तौं पुस्ताका लागि पुस्तकालय' भन्ने आदर्श वाक्य तय गरी दिवसको तयारीलाई तीव्र बनाएको हो । मन्त्रालयका उपसचिव, पुस्तकालय समन्वय तथा अभिलेख शाखाका प्रमुख एवं मूल समारोह समितिका सदस्यसचिव यादवचन्द्र निरौलाका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई दिवस मनाउन पत्राचार गरिएको छ । केन्द्रस्तरमा काठमाडौँमा हुने दिवसको मूल समारोह समितिको आयोजनामा शिक्षामन्त्री अशोककुमार राईको उपस्थितिमा सम्मान, पुरस्कार वितरण र स्मारिका लोकार्पणलगायतका कार्यक्रम हुनेछ । पुस्तकालयकर्मी, अभियानकर्मी, कर्मचारी र उत्कृष्ट पाठकलाई सम्मान र पुरस्कृत गर्ने कार्यक्रम रहेको उहाँले जानकारी दिनुभयो । हाल नेपालमा शैक्षिक पुस्तकालय, राष्ट्रिय पुस्तकालय र विशेष पुस्तकालयका अतिरिक्त नौ सय २८ सार्वजनिक पुस्तकालय छन् । प्रमुख निरौलाले हरेक उमेर समूह वा व्यक्तिका लागि पुस्तकालयमा कुनै भेदभाव नभई सबैको सङ्गमस्थलकका रूपमा यसलाई लिइने भएकाले यस वर्षको आदर्श वाक्य 'पुस्तौं पुस्ताका लागि पुस्तकालय' तय गरिएको बताउनुभयो । कुरा गर्दै उहाँले इतिहासको संरक्षण र संवर्द्धन गर्ने थलो पनि पुस्तकालय भएकाले सूचना प्रविधिको व्यापकतासँगै विद्युतीय पुस्तकालयसम्मको अवधारणालाई कार्यान्वयनमा लान सरकारले तयारी गरेको जानकारी दिनुभयो । नेपाल पुस्तकालय सङ्घका महासचिव एवं मूल आयोजक समितिमातहतको प्रचारप्रसार उपसमितिका संयोजक राजेन्द्रप्रसाद पाण्डेयका अनुसार दिवसको तयारीका क्रममा यसबीचमा राष्ट्रियसभाको दिगो विकास तथा सुशासन समितिसँग अन्तरर्क्रिया गरिनुका साथै भृकुटीमण्डपस्थित काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालयमा रक्तदान कार्यक्रम सम्पन्न गरिएको जनाउनुभयो ।

# बलात्कार ...

बलात्कार गरेको आरोप लागेपछि प्रअ थापा फरार हुँदैआएको प्रहरीले जनाएको छ । घरमा कोही पनि नभएको मौका छोपी बालिका एक्लै भएको अवस्थामा थापाले बलात्कार गरेको पीडित परिवारले प्रहरीसमक्ष बताएका छन् । पीडित पक्षले यसअघि नै प्रअ थापाविरुद्ध जाहेरी दर्ता गराइसकेको प्रहरीले जनाएको छ । प्रअ थापालाई पक्राउ गरी म्याद थपको तयारी भइरहेको तनहुँका प्रहरी प्रमुख प्रहरी उपरीक्षक अवदेश विष्ट क्षेत्रीले जानकारी दिनुभयो । "प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ", उहाँले भन्नुभयो, "अन्य कुरा अनुसन्धानबाटै खुल्दै जानेछ ।"


## हार्दिक निमन्त्रणा

**प्रदेश खेलकुद परिषद गण्डकी तथा प्रदेश खेलकुद परिषद् विकास नियमावली २०७७ बमोजिम नेपाल हक्कि संघ गण्डकी प्रदेश संघ गठन गर्नुपर्ने भएको हुँदा यस संघ अन्तर्गत ११ वटै जिल्लाका खेलाडी पूर्व खेलाडी तथा खेल प्रेमी एवं जिल्ला प्रतिनिधि सबैमा तपसिलको मिति समय र स्थानमा उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

**तपसिल**
**मिति: २०८० भाद्र १५ गते**
**समय: बिहान ८:00 बजे**
**स्थान: प्रदेश खेलकुद परिषद् पोखरा रंगशाला**

**हिमाल खड्का**
**केन्द्रीय उपाध्यक्ष**
**नेपाल हक्कि संघ**
**सम्पर्क नं.: ९८५६०३१२१२**


# समाजवादी मोर्चाले पोखरामा सन्देशसभा आयोजना गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भदौं

समाजवादी मोर्चा नेपालले यही भदौ १५ गते पोखरामा गण्डकी प्रदेशस्तरीय सन्देशसभा आयोजना गर्ने भएको छ ।


पोखरा सभागृहमा हुने सो कार्यक्रममा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लगायत मोर्चामा आबद्ध विभिन्न दलका शीर्षनेताले सम्बोधन गर्नुहुने जनाइएको छ ।

माओवादी केन्द्रका सचिव एवं गण्डकी प्रदेश इन्चार्ज देवेन्द्र पौडेलले सन्देशसभामा प्रधानमन्त्री प्रचण्डसहित नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'लगायतका नेता सहभागी हुनुहुने जानकारी दिनुभयो । "प्रधानमन्त्रीलगायत मोर्चाका शीर्षनेता सन्देशसभामा वक्ताका रूपमा उपस्थित रहनुहुनेछ, मोर्चा गठनको उद्देश्यबारे जनसाधारणलाई जानकारी दिने उद्देश्यले सन्देशसभा आयोजना गरिएको हो", उहाँले भन्नुभयो, "पोखरामा हुने कार्यक्रमको व्यवस्थापन गर्ने जिम्मा माओवादी केन्द्रले नै पाएको छ, हामी तयारीमा जुटिसकेका छौँ ।"


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# सांसदहरूको विधेयकमा कम चासो

संसदमा कानुन निर्माण प्रक्रिया थाल्दा सांसदहरू अनुपस्थित हुने रोग लागेको छासुन तस्करी बारे उच्चस्तरीय छानबिन समिति बनाउनुपर्ने र बन्न नसक्ने विवादमा लामो समय सदन अवरुद्ध भयो ।सदन अवरुद्ध हुँदा जनताका आवाज बन्द भयो भन्ने प्रचार गरियो । कानुन बनाउन पाइएन भन्ने गुनासो धेरैको थियो । जब सदनको अवरोध हट्यो सदन सुचारु हुने अपेक्षा सबैको थियो । सदनमा विधेयक पेस गर्दा होस या पारित गर्न बहुमत चाहिन्छ ।

सरकारलाई समर्थन गर्ने दल र सांसदहरू धेरै भएकाले सरकारले निर्धक्क भएर गतिविधि अघि बढाएको छ । गठबन्धन दलका नेताहरू गठबन्धन बलियो बनाउने र प्रतिपक्षी दललाई कमजोर बनाउने काममा लागेका छन । यस्तो अवस्थामा सरकारले जे चाह्यो त्यही हुने अवस्थामा सदनमा सत्ताधारी दलका सांसद कम भएर प्रति निधिसभा बैठक एक साताका लागि स्थगित भएको छ। गणपूरक संख्या नपुगेपछि मंगलबार बसेको बैठक एक साताका लागि स्थगित भएको छ ।

मंगलबारको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सांसदहरूको प्रश्नको जवाफ दिएका थिए । प्रधानमन्त्रीको जवाफ सुन्ने बेलामा सांसदहरूको उपस्थिति बाक्लो थियो। तर, 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८०' माथिको सैद्धान्तिक छलफल गर्ने क्रममा सांसदहरू बैठकबाट हिँडेसँगै बैठकका लागि आवश्यक पर्ने एक चौथाइ सङ्ख्या पुगेन । सभामुख देवराज घिमिरेले 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८०' लाई निर्णयार्थ प्रस्तुत गर्न लागेपछि रास्वपा सांसद सुमना श्रेष्ठले नियमापत्ति जनाउँदै गणपूरक सङ्ख्या नपुग्ने भन्दै सांसदहरूको गणना गर्न माग गरेकी थिइन् ।

यस्तै, एमाले सांसद दामोदर पौडेल वैरागी र ठाकुर गैरेले पनि गणपूरक सङ्ख्यामाथि प्रश्न उठाउँदै सो विधेयकको विषयलाई अघि नबढाउन आग्रह गरेका थिए । सांसद संख्या गणना गर्न लगाउँदा बैठक सञ्चालनका लागि कम्तीमा ६९ जना सांसद हुनुपर्नेमा ५९ जना मात्र उपस्थित थिए । लगत्तै सभामुख घिमिरेले सदनको बाँकी कार्यसूची स्थगित गर्नु परेको थियो ।

अर्को बैठक भदौ १८ गते दिउँसो १ सम्मका लागि स्थगित गरिएको छ। संसदमा जब विधेयक पेश गर्ने बेला आउँछ त्यसबेला गणपूरक संख्या नपुग्नु विडम्बना हो । सरकारले आफ्ना सांसदलाई बैठकमा बस्ने अवस्था नबनाउनु राम्रो होइन ।संसदमा कानुन बनाउने बेला सांसदहरूले कम ध्यान दिंदा नेपालको कानुन दैवले जानुन भन्ने अवस्था आएको हो । विधेयक पेस गर्ने बेला गणपुरक संख्या पुऱ्याउने दायित्व विपक्षीको होइन। सत्ता पक्षकै हो।कानुनमन्त्री बाहेक अरु कुनै मन्त्री सदनमा उपस्थित थिएनन् । विधेयककै छलफलमा भाग लिएका सत्ता पक्षका सांसदहरु बैठक छाडेर हिँडे।'

सामान्यतया संसदमा सरकारी प्रस्तावको पक्षमा बहुमत पुऱ्याउने र पारित गर्ने दायित्व सत्ता पक्षको हो। मंगलबार सत्ता पक्षको गणपुरक संख्या पुऱ्याउन गरेको हेलचेक्र्याइँ र घण्टी बजेपछि बाहिर निस्कने विपक्षीको कार्यले कानुन निर्माणमा अवरोध सिर्जना भएको छायसले संसद कमजोर बनाउँछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : मन चञ्चल | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कोरियाबाट फर्केका दाजुभाइ भैँसीपालनमा

**रासस**
वालिङ, १२ भदौं

स्याङ्जाको चापाकोट नगरपालिका-९ बैड्डीका दुई दाजुभाइले भैँसीपालन व्यवसायबाट मनग्य आम्दानी गर्दै आउनुभएको छ । रोजगारीको सिलसिलामा कोरियामा १० वर्ष बिताएका दाजुभाइले विदेशमा सिकेकोसीपलाईआफ्नैजन्मभूमिमा प्रयोग गरी मनग्य आम्दानी गर्दै आउनुभएको हो ।

कम्पनी रजिष्ट्रार कार्यालयमा 'सिद्धबाबा एग्रोफर्म एन्ड रिसर्च सेन्टर प्रालि' कम्पनी दर्ता गरी व्यावसायिकरूपमा २०७७ सालदेखि भैँसीपालनमा लागेको सञ्चालक उत्तम आचार्य बताउनुहुन्छ । "कोरियामा रहँदा गाई फार्ममा काम गर्दाको सीप तथा अनुभव हामीसँग थियो", उहाँले भन्नुभयो, "विदेशमा सिकेको सीपले आज आफ्नै ठाउँमा व्यवसाय सञ्चालन गर्दा सहज भएको छ ।" उहाँले सुरुआतमा २० उन्नत जातका मुर्रा भैँसीबाट व्यवसाय थाल्नुभएको थियो । हाल उहाँको फार्ममा माउ ८०, दुई उन्नत जातका मुर्रा राँगा र पाडापाडी ५० वटा छन् । हाल ५० भैँसीले दूध दिइरहेका छन् ।

"अहिले दैनिक तीन सय ५० देखि तीन सय ६० लिटर दूध उत्पादन हुँदै आएको छ", आचार्यले भन्नुभयो, "प्रतिलिटर दूध रु एक सय पाँच देखि रु एक सय १० सम्म स्थानीय बजारमा खपत हुने गरेको छ ।"

मासिक रु ११ लाख बराबरको दूध बिक्री हुने गरेको छ । भैँसीलाई दानापानी तथा कामदारको पारिश्रमिकमा रु सात लाख खर्च हुने गरेको छ । फार्ममा छ जनाले रोजगारी पाएका छन् । सुरुआतमा रु एक करोड लगानीबाट थालिएको व्यवसायमा लगानी वृद्धि गर्दै हालसम्म रु तीन करोड लगानी भइसकेको उहाँले बताउनुभयो । "सात रोपनी क्षेत्रफलमा फैलिएको आधुनिक गोठ, भण्डारण कक्ष, कामदारका लागि आवास कक्ष, कार्यालय, भान्साकोठा, शौचालय र तारबार गरी संरचना निर्माण गरेका छौँ", आचार्यले भन्नुभयो, "यसलाई अझै व्यवस्थित गर्नका लागि करिव रु डेढ करोड लगानी गर्ने तयारीमा छौँ ।" अहिले दूधमात्रै उत्पादन र बिक्री हुँदै आएकामा यसलाई थप विस्तार गरी दूधजन्य अन्य परिकार पनि उत्पादन गर्ने तयारीमा आफूहरू रहेको अर्का सञ्चालक वीरेन्द्र आचार्यले बताउनुभयो । दूध मात्रै बिक्री गरेरभन्दा पनि अन्य दूधजन्य परिकार उत्पादन गर्न सके आम्दानी अझै बढ्ने भएकाले सोही तयारीमा रहेको उहाँ बताउनुहुन्छ । भैँसीपालनका लागि अत्यावश्यक घाँस एक सय रोपनी क्षेत्रफलमा रोपिएकाले पनि घाँसमा लगानी गर्नु नपरेको आचार्यले बताउनभयो । फार्मले ८० रोपनी जग्गा भाडामा लिएको छ । "फार्म सञ्चालन गरेका व्यवसायीलाई अनुदान होइन लगानीकर्तालाई सस्तो ब्याजदरमा कर्जा उपलब्ध गराए थप लगानी गर्न प्रोत्साहन पुग्ने थियो", उहाँले भन्नुभयो । युवा स्वदेशमा रोजगारीको अवसर नदेखेर विदेशी भूमिमा पलायन भइरहेका बेला राज्यले बेलैमा सोच्नुपर्ने बेला आएको आचार्यको भनाइ छ ।

# नेपालको अस्कर कमिटीले माग्यो चलचित्र

**रासस**
काठमाडौं, १२ भदौं

एकेडेमी अफ मोसन पिक्चर आर्ट्स एन्ड साइन्सेस (अस्कर अवार्ड) को ९६औं संस्करणमा अन्तर्राष्ट्रिय फिचर चलचित्र विधामा सहभागिताका लागि नेपालस्थित कमिटीले आह्वान गरेको छ ।

आउँदो वर्ष सन् २०२४ मा अमेरिकास्थित लस एन्जलसमा हुने भनिएको अवार्डका लागि नेपालस्थित कमिटीमा भदौ २९ सम्म दर्ता भइसक्नुपर्ने सचिव चिरञ्जीवी गुरागाईंले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "प्राप्त चलचित्रलाई हेरेपछि हामीले एउटालाई असोज १ गतेसम्म अस्करमा पठाउँछौँ । कमिटीले तयार गरेको मापदण्डमा नेपालको मौलिकता झल्किने चलचित्रलाई सिफारिस गर्ने गरिएको छ ।"

मापदण्डानुसार तोकिएको मितिभित्र प्रदर्शन भएको हुनुपर्ने, केन्द्रीय चलचित्र जाँच समितिबाट पास भएको हुनुपर्ने, चलचित्र भवनमा कम्तीमा सात दिन प्रदर्शन भएको हुनुपर्ने वा मान्यताप्राप्त ओटीटीमा प्रदर्शन भएको हुनुपर्ने छ । कमिटीले जारी गरेको व्यक्तव्यमा डिसेम्बर १, २०२२ देखि अक्टोबर ३१, २०२३ सम्म प्रदर्शन भएका चलचित्रले प्रतिस्पर्धामा सहभागी हुन पाउने छन् ।

# प्रमाणपत्रमा उमेर, नाम र जात सच्याउने अवधि पाँच वर्ष कायम

**रासस**
काठमाडौं, १२ भदौं

सरकारले गृह मन्त्रालयको प्रस्तावमा 'उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७' लाई समयसापेक्ष परिमार्जन गरी (तेस्रो संशोधन) नियमहरू २०८०' पारित गरेको छ ।

शैक्षिक प्रमाणपत्रमा उमेर, नाम र जात नमिल्दा तथा त्यसलाई सच्याउने प्रावधान झन्झटिलो र सीमित अवधिको हुँदा खासगरी विद्यार्थीहरू ठूलो मर्कामा परेका थिए । अब प्रमाणपत्रमा उमेर, नाम र जात सच्याउने अवधि छ महिनाको सट्टा पाँच वर्ष कायम गरिएको गृह मन्त्रालयले जनाएको छ ।

गृहमन्त्रीको सचिवालयका उपसचिव वेदनिधि खनालले सहज बनाउने र त्रुटि भएको सच्याउने समय थप हुनेगरी नियम पारित भएर आएको जानकारी दिनुभयो । शैक्षिक प्रमाणपत्र सच्याउने बाध्यतामा रहेका नयाँ वा पुरानो नागरिकताबाहेक सबैले एक वर्षभित्र राष्ट्रिय परीक्षा बोर्डमा दरखास्त दिन सक्नेछन् ।

कुनै विद्यार्थीले शैक्षिक प्रमाणपत्र लिइसकेपछि नेपाली नागरिकताको प्रमाणपत्र लिएको वा नागरिकतासम्बन्धी प्रचलित कानुनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्रमा आफ्नो वा बाबुआमाको नाम वा थर वा नामथर संशोधन गराएकामा सो बमोजिम एसएलसी, एसइई वा कक्षा १२ को प्रमाणपत्रमा आफ्नो वा बाबुआमाको नाम वा थर वा नामथर सच्याउन चाहेमा एक पटकका लागि नेपाली नागरिकताको प्रमाणपत्र लिएको वा नेपाली नागरिकताको प्रमाणपत्रमा विवरण सच्याएको एक वर्षभित्र दरखास्त दिन सक्नेछ ।

"तर कुनै विद्यार्थीले यो उपनियम प्रारम्भ हुनुअघि नेपाली नागरिकताको प्रमाणपत्र लिएको वा नेपाली नागरिकताको प्रमाणपत्रमा आफ्नो वा बाबुआमाको नाम वा थर वा नामथर संशोधन गराएकामा सो बमोजिम एसएलसी, एसइई वा कक्षा बाह्रको प्रमाणपत्रमा आफ्नो वा बाबुआमाको नाम वा थर वा नामथर सच्याउन पाँच वर्षभन्दा पुरानो कुनै व्यक्तिले पनि एक पटकका लागि यो उपनियम प्रारम्भ भएको एक वर्षभित्र दरखास्त दिन सक्नेछ", उल्लेख छ । त्यसैगरी नागरिकता सच्याएको एक वर्षभित्र पनि शैक्षिक प्रमाणपत्र सच्याउन दरखास्त दिन पाउनेछन् । गृहमन्त्रालयले मन्त्रिपरिषद् बैठकले उक्त नियम पारित गरेको जनाएको छ ।

# भैरहवा-दिल्ली, भैरहवा-हङकङ उडान सुरु

**रासस**
काठमाडौं, १२ भदौं

नेपाल वायुसेवा निगमले बुधबारदेखि भैरहवा-दिल्ली र भैरहवा-हङकङ हवाई उडान सुरु गरेको छ ।

बुधबारबाट सुरु भएको नेपाल एयरलाइन्सको भैरहवा-दिल्ली र भैरहवा-हङकङको उडान यात्रुबिहीन भएको छ । भैरहवाबाट काठमाडौँ हुँदै दिल्ली र हङकङका लागि आजबाट नेपाल वायुसेवा निगमले उडान सुरु गरेको छ । भैरहवास्थित गौतमबुद्ध अन्तर ष्ट्रिय विमानस्थलका महाप्रबन्धक हंसराज पाण्डेले नेपाल एयरलाइन्सको विमान मलेसियाबाट साताको एक पटक भैरहवा आउने विमानमार्फत काठमाडौँ हुँदै दिल्ली र हङकङको उडान सुरु गरिएको हो । बुधबारको उडानमा भैरहवा विमानस्थलबाट कुनै पनि यात्रु विमानमा नचढेको पाण्डेले जानकारी दिनुभयो । हङकङ जाने यात्रुलाई काठमाडौँ हुँदै गन्तव्यमा पुऱ्याइन्छ भने दिल्ली जाने यात्रुलाई काठमाडौँ विमानस्थलमा कनेक्टिङ फ्लाइटमार्फत गन्तव्यमा पठाइन्छ । महाप्रबन्धक पाण्डेले आजको उडानमा भैरहवा विमानस्थलबाट कुनै पनि यात्रु विमानमा नचढेको जानकारी दिनुभयो । उक्त रुटका लागि निगमले भदौ १० गतेदेखि टिकट बुकिङ खुल्ला गरेको थियो । नेपाल वायुसेवा निगमले मलेसिया-भैरहवा रुटमा थत जेठ ३० गतेबाट उडान सुरु गरेको थियो । त्यसयता निगमले उक्त रुटमा १२ वटा उडान गरिसकेको छ । गौतमबुद्ध अन्तर ष्ट्रिय विमानस्थल विसं २०७९ जेठ २ गतेबाट सञ्चालनमा आएको हो ।

# तनहुँमा व्यावसायिक पशुपक्षीपालन

**रासस**
दमौली, १२ भदौं

तनहुँ जिल्लामा पछिल्लो समय व्यावसायिकरूपले पशुपक्षी फार्म स्थापनामा कृषकको आकर्षण बढेको छ ।

पशुपालनतर्फ कृषकको आकर्षण बढेसँगै व्यावसायिक पशुपक्षी फार्म स्थापनामा आकर्षण बढेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ । व्यावसायिक पशुपालनका लागि उपयुक्त भूबनोट तथा हावापानीले फार्म स्थापना बढ्दो क्रममा रहेको केन्द्र प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "प्रदेश सरकारको नीतिमा कृषि तथा पशुपालन उच्च प्राथमिकतामा परेको छ । पशुपालनमा निजी क्षेत्रको बढ्दो सम्लग्नताको अवस्था छ ।"विदेशबाट फर्किएका युवा सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित यस क्षेत्रमा आकर्षित भएकाले व्यावसायिक पशुपक्षी फार्ममा उनीहरूको सहभागिता बढेको उल्लेख गर्दै प्रमुख श्रेष्ठले जिल्लाका सम्पूर्ण क्षेत्रमा यातायात सुविधा, सुलभ ऋण, बीमा र नयाँ प्रविधिको उपयोग बढेकाले पनि फार्म स्थापनाका लागि सहज भएको जानकारी दिनुभयो । कार्यालयका अनुसार जिल्लामा एक हजार छ सय ४६ व्यावसायिक पशुपक्षी फार्म छन् । आर्थिक वर्ष २०७९/८० मा ६६ फार्म दर्ता भई सञ्चालनमा आएका छन् । उक्त अवधिमा १५ गाई फार्म, १९ भैँसी फार्म, २६ बाख्रा फार्म, एक लेयर्स कुखुरा फार्म, दुई ब्रोइलर कुखुरा फार्म, तीन स्थानीय कुखुरा फार्म, पाँच मत्स्य फार्म, तीन मिश्रित फार्म दर्ता भएका थिए । हालसम्म जिल्लामा आठ सय ३४ गाई फार्म, एक सय चार भैँसी फार्म, तीन सय ३४ बाख्रा फार्म, ५७ बङ्गुर फार्म, ३५ लेयर्स कुखुरा फार्म, ६७ ब्रोइलर कुखुरा फार्म, २४ स्थानीय कुखरा फार्म, ७३ मत्स्य फार्म, एक सय १३ मिश्रित फार्म र तीन कालिज फार्म सञ्चालनमा छन् । बाह्र ह्याचरी उद्योग,

पछिल्लो पाँच वर्षको अवधिमा जिल्लामा बाह्र ह्याचरी उद्योग खुलेको छ । ह्याचरी उद्योग चितवनपछि तनहुँमा धेरै भएको कार्यालय प्रमुख डा श्रेष्ठको भनाइ थियो । तीमध्ये सबैभन्दा बढी ह्याचरी उद्योग भानु नगरपालिकामा सञ्चालित छ । उक्त नगरपालिकामा आठ, बन्दीपुर गाउँपालिकामा एक, शुक्लागण्डकी नगरपालिकामा दुई र म्याग्दे गाउँपलिकामा एक ह्याचरी उद्योग सञ्चालनमा छ ।

भानु नगरपालिकामा मर्स्याङ्दी पोल्ट्री प्रालि, पुर्कोट पोल्ट्री फार्म, चन्द्रावती पोल्ट्री फार्म, खुकुरी एग्रो फार्म, महालक्ष्मी ब्रिडिङ्गस् फार्म, शुभलक्ष्मी ह्याचरी, वृहस्पति पोल्ट्री फार्म, ह्वाइट वर्ड एग्रो प्रालि, बन्दीपुर स्थित बन्दीपुर ह्याचरी प्रालि, शुक्लागण्डकी नगरपालिकामा तीनखोला एग्रो फार्म, फेवा ग्रुप अफ पोल्ट्री, म्याग्दे गाउँपालिकामा पोखरा तनहुँ महिला एग्रो फार्म सञ्चालनमा छ । डा श्रेष्ठले भन्नुभयो, "पछिल्लो समय चितवनबाट तनहुँमा त्यस्ता फार्म स्थानान्तरण भएका छन् । यसले रोजगारीको अवसर पनि सिर्जना गरेको छ ।"

आत्मनिर्भर तनहुँ

पशुपालनतर्फ किसानको आकर्षण बढेसँगै तनहुँ जिल्ला दूध, मासु र अण्डामा आत्मनिर्भर बनेको छ । आत्मनिर्भर बनेसँगै यहाँ उत्पादन भएका दूध, मासु र अण्डा जिल्लाबाहिर पनि निर्यात हुन थालेको छ । प्रतिव्यक्ति प्रतिवर्ष न्यूनतम ९१ लिटर दूध आवश्यक पर्नेमा जिल्लामा ११८दशमलव५४ लिटर उत्पादन हुन्छ । यसैगरी ४८ वटा अण्डा आवश्यक पर्नेमा ८२दशमलव५९ वटा अण्डा उत्पादन भइरहेको छ। दूध २७दशमलव५४ लिटर, मासु शुन्ना दशमलव४९ केजी र अण्डा ३४दशमलव५९ बढी उत्पादन भइरहेको कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०७९/८० मा दूध २८ हजार चार सय २१ र मासु चार हजार छ सय ३५ मेट्रिक टन उत्पादन भएको छ । त्यस्तै अण्डा दुई करोड ६३ लाख ३२ हजार वटा उत्पादन भएको छ ।

# एसिया कप क्रिकेटमा नेपालले बुधबार पाकिस्तानसँग खेल्ने

**रासस**
काठमाडौं, १२ भदौं

एसिया कप क्रिकेटमा पहिलो पटक सहभागिता जनाउन लागेको नेपालले बुधबार घरेलु टोली पाकिस्तानसित खेल्नेछ । सोह्रौं संस्करणको एसिया कपको उद्घाटन खेल पाकिस्तानको मुल्तान क्रिकेट रङ्गशालामा दिउँसो ३:४५ बजे हुनेछ । नेपाली क्रिकेट टोली एकदिवसीय वरियतामा विश्वको नम्बर एक राष्ट्र पाकिस्तानसँग खेल्ने तयारीमा जुटेकोछ । नेपाल र पाकिस्तानबीच बुधबार पहिलो भेट हुनेछ । एसिया कप पाकिस्तान र श्रीलङ्काले सञ्चालन गर्दैछन् । गत वैशाखमा सम्पन्न एसिसी प्रिमियर कपमा च्याम्पियन बनेपछि नेपाल एसिया कपका लागि छनोट भएको हो । उक्त प्रतियोगिताको फाइनल खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (युएई) लाई सात विकेटले पराजित गरेको थियो ।

एसिया कपमा १३ खेलमध्ये चार खेल पाकिस्तानमा हुनेछन् भने बाँकी नौ खेल श्रीलङ्कामा हुनेछन् । प्रतियोगितामा ६ राष्ट्रको सहभागिता रहनेछ । दुई समूहमा विभाजन गरिएको उक्त प्रतियोगिताको समूह 'ए' नेपाल, भारत र पाकिस्तान तथा समूह 'बी' मा बङ्गलादेश, श्रीलङ्का र अफगानिस्तान छन् । नेपालले पाकिस्तानविरुद्धको खेलपछि समूह चरणको दोस्रो खेल भारतसँग यही भदौ १८ गते श्रीलङ्कामा खेल्नेछ ।

नेपाली टोलीमा कप्तान रोहितकुमार पौडेल, आशिफ शेख, कुशल भुर्तेल, सन्दीप लामिछाने, ललितनारायण राजवंशी, भीम सार्की, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, करण केसी, गुल्सन झा, आरिफ शेख, सोमपाल कामी, अर्जुन साउद, प्रतिश जिसी, किशोर महतो, सन्दीप जोरा र श्याम ढकाल रहेका छन् ।

# सुनसान छन् बागलुङका घरबास

पोखरापत्र संवाददाता
बागलुङ, १२ भदौं

बागलुङको ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका घरबास (होमस्टे) बर्खा सुरु भएदेखि पाहुना नआउँदा सुनसान बनेका छन् । गत असारदेखि नै जिल्लामा पर्यटकको आगमनमा कमी आएको बताइएको छ । घरबास सञ्चालकका अनुसार गत साउनदेखि घरबासमा पुग्ने पर्यटकको सङ्ख्या ह्वात्तै घटेको छ । घरबासमा पाहुना आउन छाडेपछि सञ्चालकसमेत खेतबारीको काममा व्यस्त भएका छन्

पर्यटकीयस्थल वरपर सञ्चालनमा आएका घरबासले आगन्तुकलाई सहज हुनुका साथै स्थानीयलाई रोजगारको अवसर पनि मिलेको छ । अहिले घरबासमात्रै होइन, जिल्लाका पर्यटकीयस्थल पनि सुनसानजस्तै छन् । जिल्लाको चर्चित घरबासमध्येकोकाठेखोलागाउँपालिका-३ धम्जास्थित बेलढुङ्गा सामुदायिक घरबास, अतिथि सत्कार घरबास भकुण्डेलगायतमा पाहुना कम पुग्ने गरेका छन् । बागलुङ बजार आसपासको बागलुङ कालिका मन्दिर, बागलुङ-पर्वत जोड्ने नेपालकै लामो झोलुङ्गे पुल, पञ्चकोट र शालिग्राम सङ्ग्रहालयबाहेक अन्य स्थलमा कम आगन्तुक पुगेको पाइन्छ । पश्चिम बागलुङको ढोरपाटन र पातीहाल्नेमा पुग्ने पर्यटकको सङ्ख्यामा पनि कमी आएको छ । बेलढुङ्गा सामुदायिक घरबासका सञ्चालक गोपाल श्रीसले असोज लागेपछि मात्रै घरबासमा पर्यटकको आगमन बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो"असारदेखि हालसम्मका हरेक महिना फाट्टफुट्ट पाहुना आएको छन् ।" बर्खाका कारण बेलढुङ्गासम्म पुग्ने सडकको विभिन्न स्थानमा पहिरो गएको र बाटोमा घाँस पलाउँदा पाहुना कम आएको उहाँको भनाइ छ । गाउँसम्म पुग्ने सडक व्यवस्थित बनाउन नसक्दासम्म बर्खामा घरबास र पर्यटकीयस्थलमा पर्यटक भित्र्याउन नसकिने उहाँले बताउनुभयो । "अहिले त घरबास बन्दजस्तै छ, पाहुना आएपछि त खाना खुवाउनुपर्‍यो, खुवाइन्छ, बास पनि दिइन्छ, तर हिउँदमा जसरी भरिभराउ हुन्थ्यो, अहिले त्यसको तुलनामा निकै न्यून छ, घरबासलाई व्यवस्थित बनाउने र पाहुनमैत्री बनाउने विषयलाई बढी ध्यान दिएका छौँ", श्रीसले भन्नुभयो, "अहिले मकै पाक्ने बेला भयो, मकै भित्र्याउने, आलु खन्ने, बारीमा काम गर्नेबाहेक अरु केही गर्न सकिएको छैन, पाहुना नआउने भएपछि अरु काममै व्यस्त हुने गरेका छौँ ।" घरबासमा आउने पाहुनालाई पूरै अर्ग्यानिक उत्पादन खुवाउने उहाँको भनाइ छ । यहाँ विशेषगरी कोदोको ढिडो, स्थानीय कुखुरा, खसी, बोकाको मासु, बाँकोको गुन्द्रुक र आलुका परिकार खुवाइने गरेको उहाँको भनाइ छ। बागलुङ नगरपालिका-१० भकुण्डेस्थित अतिथि सत्कार सामुदायिक घरबासको सञ्चालक मुना थापामगर अहिले पाहुनाको आगमन निकै कम भएको बताउनुभयो। बर्खामा बादल लाग्ने र दृश्यावलोकन गर्न नपाइने हुँदा पर्यटक कम पुग्ने उहाँको भनाइ छ। बागलुङ बजारबाट यहाँ पुग्न करिब डेढ घण्टा लाग्छ । कहिलेकाहीँ मात्रै पाहुना घरबासमा बस्न आएको उहाँको भनाइ छ। तीज सुरु भयो भने पर्यटक बजारबाट भकुण्डे उक्लिन थाल्ने उहाँले बताउनुभयो । "बजारबाट दूरीका हिसाबले टाढा होइन, जिल्लामा बागलुङ बजारबाट सबैभन्दा नजिकको घरबास अतिथि सत्कार हो, नजिक भएर के गर्नु यहाँसम्म आउने सडकको अवस्था निकै खराब छ, त्यसले गर्दा पाहुना आउन कम भएको छ", उहाँले भन्नुभयो, "पाहुना नआएपछि घरको काम कम भएको छ, त्यही भएर घरबास सञ्चालक कोदो गोड्ने र मकै भित्र्याउने काममा व्यस्त हुनुहुन्छ, हिउँदमा धेरै पाहुना हुनुहुन्छ, त्यसबेलाका लागि चाहिने गुन्द्रुक, आलु जोहो गरेर राख्ने काम भएको छ।"

प्राकृतिक सुन्दरताले भरिएको भकुण्डेमा ताल, र दर्जनौँ हिमशृङ्खला अवलोकनका लागि पर्यटक यहाँ पुग्ने गर्छन्। हिउँदमा राम्रो चल्ने हुँदा स्थानीयको आयआर्जनको स्रोत घरबास बनेको छ। घरबासले ग्रामीण क्षेत्रका महिलालाई सक्रिय भई पाहुनसँग बोल्न, सत्कार गर्न र स्थानीय कला संस्कृति प्रदर्शन गर्न सक्ने भएका छन्। जिल्लाको विभिन्न स्थानमा घरबास सञ्चालनमा आएपछि मौलिक कला, संस्कृतिको जगेर्नासमेत हुन थालेको छ।

# तनहुँमा क्रिकेट खेलमैदानको खोजी गरिँदै

पोखरापत्र संवाददाता
दमौली, १२ भदौं

पछिल्लो समय क्रिकेट खेलतर्फ युवाको आकर्षण बढेसँगै तनहुँ जिल्लामा क्रिकेट मैदानको खोजी गर्न थालिइएको छ। यसका लागि तनहुँ जिल्ला क्रिकेट सङ्घले नेतृत्व लिएको छ ।

व्यास नगरपालिका-५ पाटनस्थित खेलमैदानलाई क्रिकेट मैदानको रूपमा विकास गर्न गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सन्जयकान्त सिग्देलको नेतृत्वमा उक्त ठाउँको स्थलगत निरीक्षण गरिएको छ । खेलप्रति आकर्षण बढ्ने तर मैदान नहुँदा समस्या भएकाले क्रिकेट खेलमैदानको पूर्वाधार निर्माण गर्न लागिएको तनहुँ क्रिकेट सङ्घका अध्यक्ष मदन तिमिल्सिनाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "जिल्लामा क्रिकेटका गतिविधि विस्तारै बढ्दै छ, यसतर्फ खेलाडी आकर्षित भइरहेका छन् । तर मैदान नहुँदा प्रतियोगिता गर्न समस्या भइरहेको छ।" राम्रो खेलमैदान निर्माण गर्न सकिए क्रिकेटको विकासमा टेवा पुग्ने उहाँको भनाइ छ।

नेपाल क्रिकेट सङ्घ केन्द्रीय समिति र गण्डकी प्रादेशिक क्रिकेट सङ्घले जिल्लामा मैदानको पूर्वाधार निर्माणका लागि सहयोग गर्ने प्रतिबद्धता जनाएको अध्यक्ष तिमिल्सिनाले बताउनुभयो । खेलमैदान नहुँदा खेलाडीले खेल प्रस्फुटन गर्ने अवसर नपाएको दमौलीका कविराज श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "देशले पछिल्लो समय क्रिकेटमा ठूलो प्रगति गरेको छ, त्यसकै कारण पनि यहाँ खेलप्रति आकर्षण बढिरहेको छ।"

तनहुँका क्रिकेट खेलाडी चन्द्रकान्त पौडेलले जिल्लामा क्रिकेट खेल्नका लागि एउटा राम्रो मैदान नभएको र सम्बन्धित निकायले पनि यसतर्फ पहल नगरेको गुनासो गर्नुभयो ।

दमौली पेलिकन्स क्लबले बेला-बेलामा क्लबस्तरीय क्रिकेट प्रतियोगिता आयोजना गरिरहेको छ । खेलमैदानकै अभावमा क्लबले व्यास-५ पाटन फुटबल मैदानमा क्रिकेट गर्दै आइरहेको छ। "क्रिकेटमा राम्रो सम्भावना छ तर पर्याप्त लगानी हुन सकिरहेको छैन । यसतर्फ सरोकारवालाको ध्यान जान जरुरी छ", उहाँले भन्नुभयो।

तनहुँ क्रिकेट सङ्घका पूर्वअध्यक्ष ताराराम श्रेष्ठले क्रिकेटतर्फ आकर्षण बढे पनि पूर्वाधार अभाव रहेको बताउनुभयो।

# बागलुङमा ६० हजार मेट्रिकटन आलु उत्पादन

पोखरापत्र संवाददाता
बलेवा, १२ भदौं

बागलुङमा एक वर्षमा ६० हजार मेट्रिक टन आलु उत्पादन भएको छ । कृषि ज्ञान केन्द्र बागलुङका अनुसार एक वर्षमा हिउँदे र बर्खे बाली गरेर ५९ हजार ६ सय ५० मेट्रिक टन आलु उत्पादन भएको छ।

केन्द्रले आलु प्रबर्द्धन कार्यक्रमलाई प्राथमिकतामा राखेको र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले पनि 'आलु जोन' कार्यक्रम सञ्चालन गरेपछि आलुको उत्पादन बढेको कृषि प्राविधिक रवीन्द्र शर्माले बताउनुभयो । उहाँका अनुसार पछिल्लो समय निर्वाहका लागि आलु उत्पादन गर्ने यहाँका किसानले व्यावसायिकरूपमा आलु खेतीमा छन्।

गत आर्थिक वर्षमा आलु प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी उत्पादन वृद्धिमा सहयोग गरेको ज्ञान केन्द्रले चालु वर्षमा रु तीन करोड ६० लाख बजेट बिनियोजन गरेको छ । ज्ञान केन्द्रको लागि बिनियोजित कुल बजेटको झन्डै आधा बजेट आलु प्रबर्द्धनका लागि छ। चालु आर्थिक वर्षमा ज्ञान केन्द्रको लागि रु आठ करोड ६ लाख ४८ हजार विनियोजन गरेको छ।

यहाँ कृषि ज्ञान केन्द्रबाहेक स्थानीय सरकार र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले पनि आलुखेतीसम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका छन् । आलु प्रबर्द्धन कार्यक्रमअन्तर्गत किसानलाई आलुको बीऊ, कृषि औँजारदेखि बजारीकरणमा सहयोग पुर्‍याइने कृषि ज्ञान केन्द्र बागलुङका बागबानी विकास अधिकृत कुमार पुनले बताउनुभयो।

"कृषकलाई आलुको बिऊ उपलब्ध गराउँछौँ, सिँचाइका सामग्री र उपकरण पनि सहयोग गर्छौँ", पुनले भन्नुभयो, "उत्पादित आलुको बजारीकरणमा पनि सहयोग पुर्‍याउँछौँ ।" गत वर्ष बागलुङमा तीन हजार छ सय ५५ हेक्टर जमिनमा आलु खेती गरिएको थियो । किसानले उत्पादित आलुमध्ये ३० प्रतिशत खानका लागि र ७० प्रतिशत आलु बिक्री गरिरहेका छन्।

# आँखा पाक्ने रोगमा प्रयोग हुने औषधिको अभाव छैन : विभाग

रासस
काठमाडौं, १२ भदौं

आँखा पाक्ने रोग (भाइरल कन्जङ्क्टिभाइटिस) मा प्रयोग हुने औषधिको अभाव नभएको जनाइएको छ।

आँखा पाक्ने रोगका बिरामी बढेपछि केहीले औषधि अभावको हल्ला फिजाए पनि पर्याप्त मात्रामा औषधि भएको औषधि व्यवस्था विभागले बताएको छ। विभागका महानिर्देशक नारायणप्रसाद ढकालले आँखा पाक्ने रोगको औषधि पर्याप्त मात्रामा रहेको जानकारी दिनुभयो । "आँखा पाक्ने सङ्क्रमण बढेसँगै केहीले औषधिको अभाव छ भनेर हल्ला फिजाएर कालाबजारी गर्न खोजेको देखिन्छ", उहाँले भन्नुभयो, "तर हामीसँग पर्याप्त मात्रामा आँखामा पाक्ने औषधि 'आई ड्रप' छ । आँखा अस्पताल र अस्पताल अगाडि रहेका औषधि पसलमा यो औषधि पाइन्छ ।" एभरेष्ट पारान्टेरलस् सञ्चालक उमङ्ग रानासरियाले आँखा पाक्ने सङ्क्रमण बढे पनि औषधिको अभाव हुन नदिएको बताउनुभयो । "सङ्क्रमण बढेसँगै औषधिको माग बढेको छ तर हामीले बढेको मागबमोजिम आपूर्ति गरिरहेका छौ", उहाँले भन्नुभयो, "आँखा अस्पतालमा हामीले प्रशस्त मात्रामा औषधि उपलब्ध गराएका छौ ।" सञ्चालक रानासरियालका अनुसार माग बढेसँगै अहिले उत्पादन पनि तीन गुणा बढी भइरहेको छ। अहिले मासिक ९० हजार भाइल औषधिउत्पादन गरिरहेको उहाँको भनाइ थियो। नेपाल औषधि उत्पादक सङ्घका अध्यक्ष प्रज्वलजङ्ग पाण्डेले आँखामा हाल्ने 'आई ड्रप'को अभाव हुन नदिन र मागअनुसार आपूर्ति भइरहेको बताउनुभयो । आँखा पाक्ने रोगका लक्षणहरू आँखा रातो हुनु र चिलाउनु, आँखाबाट आँसु बगिरहनु वा कचेरा/चिप्रा लाग्नु, आँखाको ढकनी रातो हुनु, सुन्निनु, आँखा बिझाउनु/दुख्नु र घाममा वा उज्यालोमा हेर्न गाह्रो हुनुजस्ता समस्या भाइरल 'कन्जङ्क्टिभाइटिस' मा हुने गर्दछ । भाइरल 'कन्जङ्क्टिभाइटिस'को सङ्क्रमण भएपछि जथाभावी आँखा नछुने, आँखा छुनु परेमा साबुन पानीले राम्ररी हात धुने गर्नुपर्दछ।


## SURYA BLENDERS PVT LTD

## Tanahu, Nepal

## मुल्य सुची सम्बन्धमा सुचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डहरुको मदिरा नेपाल अधिराज्य भित्र विक्री वितरण गर्न आ. व. ०८०।०८१ का लागि मिति २०८०।०५।१३ देखि लागू हूने गरी निम्न बमोजिम मुल्य प्रकाशित गरिएको हूंदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मुल्यमा अन्तःशूल्क, मु. अ. कर र अन्य शूल्क समेत समावेश गरिएको छ ।

| मूल्य बिवरण (प्रती कार्टून) | Karuwa Litchi/Nimbu, Arrow Apple, Fatafat Green/Red/ Orrange 70 UP 300 ML |
|---|---|
| नेशनल डिष्ट्रिब्यूटर्स मुल्य | ९८०।०० |
| नेशनल डिष्ट्रिब्यूटर्स कमिशन | २०।०० |
| डिष्ट्रिब्यूटर्स मुल्य | १,०००।०० |
| डिष्ट्रिब्यूटर्स कमिशन | ४०।०० |
| होलसेल मुल्य | १,०४०।०० |
| होलसेल कमिशन | ४०।०० |
| रिटेल मुल्य | १,०८०।०० |
| रिटेल कमिशन | १२०।०० |
| उपभोक्ता मुल्य | १,२००।०० |
| उपभोक्ता मुल्य प्रती बोतल | ४०।०० |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा ब्यपारीक एवं अन्य छूटहरु समाबेस गरिएकोले आवश्यकता अनूसार बिभिन्न तहमा ब्यपारीक एवं छूटहरु र हाल अनूमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ । नगद छूटको हकमा पनि कम्पनीको अधिकृत बिक्रेताहरुले तथा अन्य तोकिएका बिक्रेताहरुले कम्पनीले तोके बमोजिम मात्र कमिशन प्राप्त गर्नूपर्नेछ ।


# कांग्रेसका प्रदेश सभापतिको पोखरा भेला स्थगित

रासस
काठमाडौं, १२ भदौं

नेपाली कांग्रेसका सातवटै प्रदेशका सभापतिसहित पदाधिकारीहरूको यही भदौ १६ र १७ गते पोखरामा हुने भनिएको भेला स्थगित भएको छ।

नेपाली कांग्रेसको आगामी मङ्सिर ११, १२ र १३ गते हुने महासमितिको बैठकमा पार्टी सङ्गठनलाई सुधार गर्नका लागि सामूहिक धारणा तय गर्ने गरी भेला आयोजना गरिएको थियो । भेला हालका लागि स्थगित भएको र आगामी कार्यक्रम अर्को सूचना प्रकाशन गरी जानकारी गराइने नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधवप्रसाद बास्तोला (मधु)ले जानकारी दिनुभयो।

नेपाली कांग्रेस गण्डकी प्रदेश समितिको व्यवस्थापनमा गर्न लागिएको भेलाको पार्टीका केन्द्रीय सभापति शेरबहादुर देउवाले उद्घाटन गर्ने कार्यक्रम थियो।

# बेनी-जोमसोम सडकमा दश स्थानमा पहिरोका जोखिम

पोखरापत्र संवाददाता
म्याग्दी, १२ भदौं

राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक खण्डमा १० स्थानमा ठूलो पहिरोको जोखिम रहेको अध्ययनबाट पहिचान भएको छ।

म्याग्दीको बेनीबाट मुस्ताङको घाँससम्मको ४० किलोमिटर दूरीको सडक पहिरोबाट प्रभावित छ । बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख जगत् प्रजापतिले बेनी-घाँसा खण्डका पहिरोको विस्तृत अध्ययन थालिएको जानकारी दिनुभयो। "सडक निर्माण गर्दा पहिरो जाने सम्भावित क्षेत्रको अध्ययन नभएको र त्यही अनुरुप डिपिआर निर्माण नगरिएकाले अहिले समस्या आएको छ", उहाँले भन्नुभयो, "अहिले कम्तीमा १० वटा ठूला पहिरोको पहिचान गरी विस्तृत अध्ययन सुरु गरेका छौँ ।" उहाँका अनुसार रघुगङ्गा गाउँपालिका-३ गलेश्वर पारिको राहुघाट, अन्नपूर्ण गाउँपालिका-३ स्थित रुप्से, जलथले-खामभित्ता क्षेत्रको पहिरो विस्तृत अध्ययन सम्पन्न गरी रोकथाम तथा संरक्षणको काम थालिएको छ । रघुगङ्गा गाउँपालिका-२ बैंसरी खण्डको पहिरो नयाँ हो। यो पहिरोको विस्तृत अध्ययन गर्ने योजना बनाएको जानकारी उहाँले दिनुभयो । बैंसरी खण्डका साथै अन्नपूर्ण गाउँपालिका-३ मा पर्ने रुप्से झरनाबाट काभ्रेभिर क्षेत्रमा करिब पाँच सय मिटर क्षेत्रमा माथिबाट पहिरो झर्ने र तलबाट सडक भासिने गर्छ। त्यस्तै सोही वडाको खाम भित्ता, गुइँठेभिर, लाटाखोलामा पनि बर्सेनि निरन्तर माथिबाट पहिरो झर्ने गरेको छ।

यस्तै अन्नपूर्ण गाउँपालिका-२ मा पर्ने नागढुङ्गा, भुरुङभिर, वडा नं ६ मा पर्ने टिम्मुरेभिर क्षेत्रको साँघुरो भूगोल, छेउकै कालीगण्डकी नदी र बारम्बार माथिबाट खस्ने पहिरोले सडक जोखिम बनाएको छ। रघुगङ्गा गाउँपालिका वडा नं १ बेगखोला, वडा नं २ मासखर्क, कुनौटो, रिठाबोट, वडा नं ३ मा पर्ने चमेरे र गलेश्वर पारि पहिरोको जोखिम छ। भूगर्भविद्‌हरूले गरेको अध्ययनअनुसार कमजोर भूगोल रहेका गलेश्वर, खामभित्तामा तल निर्मित सडकले बलियो संरक्षणका संरचना नबनाएको र माथिल्लो खण्डमा पनि संरक्षणबिना डोजर चलाएर सडक खनिएकाले पहिरो गएको देखाएको छ। सडक निर्माण सुरु गर्नुअघि सम्भावित पहिरो जाने स्थानको पहिचान र रोकथामका लागि कुनै अध्ययन गरिएको थिएन। जसका कारण अहिले सडकमा पहिरोले जोखिम निम्त्याएको छ । पहिरोका कारण वर्षात्का समयमा यातायात प्रभावित हुने गरेको छ । यात्रुले सास्ती भोग्दै आएका छन् । बेनी-जोमसोम-कोरोला सडकको सर्भे, डिजाइन गर्दादेखि ठेक्का भई सडक निर्माण भइरहँदा कतै पनि पहिरोको अवस्था अध्ययन गरिएको थिएन । करिडोरको म्याग्दी खण्डको सडकको अधिकांश भागमा पहिराको जोखिम छ। बेनीबाट घाँससम्म बर्सेनि पहिराले दुःख दिने गरेको छ भने सवारी दुर्घटना पनि निम्त्याएको छ। पहिराले दुःख दिन थालेपछि एक वर्षयता भूगर्वविद्को टोलीबाट पहिरोको विस्तृत अध्ययन भइरहेको आयोजना प्रमुख प्रजापतिले बताउनुभयो।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०५/१३)

**उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. २९ मा मुग्लिन-पोखरा सडक खण्डका लागि आवश्यक निर्माण सामग्री (ग्राभेल) व्यवस्थापनका कार्य सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन उपर प्रस्तावित आयोजना स्थलमा मिति २०८०/०५/१९ गते मंगलबारको दिन बिहान ९:३० बजे सरोकारवालाहरुको उपस्तिथीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा प्रस्तावित ग्राभेल उत्खनन् स्थलमा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु।**

**सम्पर्क नं.: ९८०६१२७४५७**